निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, सुनसरी
DISTRICT ELECTION OFFICE, SUNSARI

पत्र संख्या: ०७९/८०
चलानी नं.: ९८

मिति: २०७९-०५-०१

विषयः- निर्वाचन खर्चको विवरण प्रकाशन गरी मुचुल्का पठाइदिने सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
सुनसरी ।

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने तथा तोकिएको समयावधि भित्र पेश नगर्ने यसै पत्रसाथ सम्लग्न सूची बमोजिमका उम्मेदवारहरुको विवरण ताहाँ स्थानीय तहको वेभसाईट र कार्यालयमा सबैले देखे गरी प्रकाशन गरी सो को रितपूर्वकको मुचुल्का तयार गरी यस कार्यालयमा यथाशिघ्र उपलब्ध गराईदिनहुन अनुरोध छ । साथै निर्वाचन आयोगबाट मिति २०७९/०५/०१ गते राष्ट्रिय दैनिक गोर्खापत्रमा समेत यस सम्बन्धी सूचना प्रकाशित भएको छ । तसर्थ निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा ७ दिन भित्र सार्वजनिक गरी सोको जानकारी जिल्ला निर्वाचन कार्यालय सुनसरीमा उपलब्ध गराउने कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ ।

२०७९।०५।०१
कृष्ण प्रसाद पौडेल
जिल्ला निर्वाचन अधिकारी

बोधार्थ:
श्री निर्वाचन आयोग नेपाल (कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा), काठमाण्डौ ।

ईनरुवा, सुनसरी, नेपाल फोन नं. (९७७-०२५)५६५०११ फ्याक्स: (९७७-०२५)५६५०११
Inaruwa, Sunsari, Nepal Tel: (977-025) 565011, Fax: (977-025) 565011
Email: deo.sunsari@election.gov.np
"फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"